# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय र ह्याम्स हस्पिटल बीच सम्झौता ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय र ह्याम्स हस्पिटल बीच सम्झौता सम्पन्न भएको छ। यस सम्झौता अनुसार अब आन्तरिक तथा अन्तर्राष्ट्रिय टर्मिनलमा ह्याम्स  हस्पिटलको लागि स्थान उपलब्ध गराइनेछ। हस्पिटलको तर्फबाट हवाई यात्रु तथा एयरपोर्ट कर्मचारीका लागि स्वास्थ्य जांच, प्राथमिक स्वास्थ्योपचार, आपतकालीन सेवा अन्तर्गत अचानक हृदयघात हुँदाको अवस्थामा AED सेवा , एम्बुलेन्सको स्ट्याण्डबाई रहने व्यवस्था, जहाज दुर्घटना हुँदाको अवस्थामा उद्धार मा तत्काल उपस्थिती र स्वास्थ्य शिविर लगायतको व्यवस्थाले यात्रु तथा कर्मचारीहरुलाई थप सुविधा प्राप्त हुनेछ। विगतमा नर्भिक हास्पिटल बाट प्रदान गरिएको सेवाका लागि कार्यालय हार्दिक आभार ब्यक्त  गर्दछ।